श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २४७**

**पुनरावेदन नं. ०७८-RB-००७१**

**मुद्दाः– आयकर अग्रिम कर (२०७२/०७३)**

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा न. ११ एन.एम.वि. भवन बबरमहल स्थित एन.एम.वि. बैंक लिमिटेडका तर्फबाट अधिकार प्राप्त प्रमुख कार्यकारी अधिकृत सुनिल के.सी......................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री बाबुराम गौतम

शुरु कार्यालयको निर्णय मितिः–२०७७/०९/२९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री झक्कप्रसाद आचार्य

निर्णय मितिः- २०७८/०३/१७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री हेम बहादुर साहनी र श्री मदन कुमार डंगोल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७७/०९/२९ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७८/०३/१७ को निर्णय उपर राजस्व राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. करदाता एन.एम.वि. बैक लिमिटेडले आ.व. २०७२/०७३ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार आय विवरण ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७३/०९/२९ मा पेश गरेको।

२. आ.व. २०७२।०७३ को पूर्ण कर परीक्षणको सिलसिलामा करदाताको खर्च भुक्तानी विवरण तथा वित्तीय विवरण समेतको प्रमाणहरू छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन अनुसार करदाताको आ.व. २०७२/०७३ को लागि आयकर ऐन, २०५८ दफा ९०(८) बमोजिम अग्रिम कर कट्टी माग गर्ने प्रयोजनको लागि अग्रिम कर कट्टी रकम, व्याज र शुल्क समेत गरी जम्मा रू. २८,२७,९७८।०६ माग गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७७।०८।१४ मा सुचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७७।०८।१४ मा जारी भएको सूचना मिति २०७७।०८।२२ मा हुलाकबाट पठाईएकोमा करदाताले सोको लिखित जवाफ मिति २०७७।०९।१२ मा पेश गरेको ।

४. करदातासँग आ.ब. २०७२।०७३ को लागि अग्रिम कर, सूचना जारी गर्ने समयसम्मको आयकर ऐन, २०५८ को दफा ११९(१) बमोजिम व्याज तथा दफा ११७(३) र दफा १२०(क) बमोजिम शुल्क समेत गणना गरी आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर दाखिला गर्न करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७७/०९/२९ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७७/०९/२९ मा जारी गरेको आ.व. २०७२/०७३ को अग्रिम कर तर्फको संशोधित कर निर्धारण आदेशमा

चित्त नबुझी एन.एम.वि. बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७/१२/१३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम पन्ध्र प्रतिशतका दरले करकट्टी गरेको, दफा १२०(क) बमोजिम शुल्क निर्धारण गरेको र दफा ११९ बमोजिम व्याज माग गर्ने गरी ठुला करदाता कार्यालयले गरेको निर्णय कानुनसम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०३।१७ मा भएको निर्णय।

७. ठुला करदाता कार्यालयले अग्रिम कर निर्धारण गर्दा आ.व. २०७२/०७३ को आयकर ऐन, २०५८ को दफा ६३ बमोजिम स्थापित स्वीकृत अवकाश कोष नागरिक लगानी कोषले भुक्तानी गर्दा दफा ८८ अनुसार भुक्तानीमा कर कट्टी गर्ने अधिकार भएकोमा नागरिक लगानी कोषले गरेको भुक्तानीमा बैंकले कर तिर्नुपर्ने गरी गरेको अग्रिम कर निर्धारण मिलेको नदेखिँदा विपक्षी कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भएको अग्रिम कर, दफा ११९ बमोजिम व्याज तथा दफा १२०(क) बमोजिम शुल्क समेत माग गर्ने गरेको नियमसँगत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता एन.एम.वि.बैंक लिमिटेडका तर्फबाट मिति २०७८/०५/१६ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्याविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७९।१०।०६ को यस न्यायाधिकरणबाट भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एन.एम.वि.बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्वय श्री हेम बहादुर साहनी र श्री मदन कुमार डंगोलले आयकर ऐन, २०५८ को दफा ६३ बमोजिम स्थापित स्वीकृत अवकाश कोष नागरिक लगानी कोषले भुक्तानी गर्दा दफा ८८ अनुसार भुक्तानीमा कर कट्टी गर्ने अधिकार भएकोमा नागरिक लगानी कोषले गरेको भुक्तानीमा करदाताले कर तिर्नुपर्ने गरी गरेको अग्रिम कर निर्धारण गरेको आदेश कानुनसम्मत नदेखिँदा ठुला करदाता कार्यालयबाट भएको कर निर्धारण, विलम्व शुल्क र जरिवाना समेतको आदेश कानुन विपरित भई त्रुटिपुर्ण हुँदा बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौका विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले आयकर ऐन, २०५८ को दफा ८८

मा लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा गर्नुपर्ने अग्रिम कर कट्टी सम्बन्धी व्यबस्था गरिएकोछ। जसमा कुनै प्रतिफल वा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यबस्था भए बमोजिम दफा ८८(१) बमोजिमको अग्रिम कर, दफा १२०(क) बमोजिमको शुल्क र दफा ११९ बमोजिमको ब्याज समेत माग गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानुनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठुला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा अग्रिम कर माग गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ?भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. अव निर्णय तर्फ विचार गर्दा, करदाता एन.एम.वि. बैंक लिमिटेडको हकमा आ.व. २०७२/०७३ का लागि ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको क्रममा बैंकका कर्मचारीलाई उपदान, संचित विदा तथा औषधि उपचारको रकम नागरिक लगानी कोषबाट भुक्तानी गर्दा ५% मात्र अग्रिम कर कट्टी गरी राजस्व दाखिला भएको हुँदा १५% का दरले हुने अग्रिम कर कट्टी रकम, शुल्क र ब्याज समेत माग गर्ने गरी भएको आदेश कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको निर्णयको क्रममा एन.एम.वि. बैंकले अवकाश कोषमा पठाएको रकम खर्च कट्टी गरेको तर भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा पाँच लाख मध्ये जुन बढी हुन्छ सो रकम घटाई पाँच प्रतिशतले कर कट्टी गरेको देखिएको तर उक्त अवकाश कोष योगदानमा आधारित नभएकोले आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भुक्तानीका बखत १५% ले अग्रिम कर कट्टी गरी दाखिला नगरेको कारण आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५% का दरले अग्रिम कर, ऐ.ऐनको दफा १२०(क) बमोजिम शुल्क तथा दफा ११९ बमोजिम ब्याज माग गर्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

१३. करदाता एन.एम.वि. बैंकले आयकर ऐन, २०५८ को दफा ६३ बमोजिम स्थापित स्वीकृत अवकाश कोष नागरिक लगानी कोषले भुक्तानी गर्दा दफा ८८ अनुसार भुक्तानीमा कर कट्टी गर्ने अधिकार भएकोमा नागरिक लगानी कोषले गरेको भुक्तानीमा करदाताले कर तिर्नुपर्ने गरी गरेको अग्रिम कर निर्धारण गरेको कानुन विपरीत रहेको हुँदा ठूला करदाता कार्यालयको अग्रिम कर निर्धारणको आदेश उल्लिखित प्रचलित

कानुन बमोजिम गलत, त्रुटीपूर्ण तथा न्यायसंगत नभएको भन्ने जिकिर लिएको देखिन्छ। ठूला करदाता कार्यालयले गरेको निर्णय पर्चामा करदाताबाट अग्रिम कर कट्टी गर्नु नपर्ने सन्दर्भमा श्रेष्ता, प्रमाणहरु, प्रारम्भिक कर निर्धारण आदेश सम्बन्धमा दिएको जवाफमा उल्लेखित व्यहोरा कानुनसम्मत नभएको कारण करदाताको हकमा आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम कर कट्टी माग गरिएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २(ङ) अनुसार प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा दिईने भुक्तानी वा प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिईने भुक्तानीलाई अवकास भुक्तानी मानिएको छ ।

१४. आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) ले स्वीकृत अवकाश कोषमा रहेको हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आयमा गणना गर्ने विधि उल्लेख गरेको पाईन्छ। सोही दफाको उपदफा (२) ले स्वीकृत नलिएको अवकाश कोषमा रहेको हितबाट भएको भुक्तानीका सम्बन्धमा उल्लेख गरेको देखिन्छ। तर करदाताको हकमा स्वीकृत अवकाश कोषबाट भुक्तानी भएको देखिँदा उपदफा (१) नै आकर्षित हुने देखियो। आयकर ऐन, २०५८ को दफा ८८(१) मा "वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री बोनस, अवकाश भुक्तानी गर्दा त्यस्तो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेछ।" भन्ने कानूनी व्यवस्था उल्लेख भएको देखिन्छ। यसरी आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को व्यवस्था अनुसार योगदानमा आधारित नरहेको स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीको हकमा पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने देखिन्छ।

१५. करदाताले आ.व.२०७२/०७३ मा अवकाश प्राप्त कर्मचारीलाई उपदान, सन्चित विदा तथा औषधि उपचारको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ५०% वा पाँच लाख मध्ये जुन वढी हुन्छ सो रकम घटाइ हुने भुक्तानी मा पाँच प्रतिशतले कर कट्टी गरेको तथ्यमा विवाद देखिदैन। प्रत्यर्थी ठूला करदाता कार्यालयले करदाताको अवकाश भुक्तानी रकम योगदानमा आधारित नदेखिएकोले त्यस्तो भुक्तानीको हकमा आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम १५% ले रू.१४,३२,६४६।५८ अग्रिम कट्टी गरी दाखिल गर्नुपर्नेमा रू.१,१७,३०७।९५ मात्र कट्टी गरी रू.१३,१५,३३८।६३ कम दाखिला गरेको भन्ने ठहर निष्कर्षमा पुगेको देखियो।

१६. करदाताको अवकाश कोष स्वीकृत रहेको कुरामा विवाद देखिदैन। तर उक्त भुक्तानी गरिएको अवकाश कोषको रकममा कर्मचारीहरुको योगदान रहेको भनी करदाताले जिकिर लिन नसकेको स्थितिमा उक्त भुक्तानीको हकमा आयकर ऐन, २०५८ को

दफा ८८(१) आकर्षित हुने देखियो। त्यसैले ठूला करदाता कार्यालयले मिति २०७७।०९।२९ मा करदाताबाट १५% का दरले अग्रिम कर माग गर्ने गरी गरेको निर्णय र सो निर्णय उपर प्रशासकीय पुनरावलोकनको निवेदन ग्रहण गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट सदर गर्ने गरी भएको निर्णय समेत कानूनसम्मत नै देखिन आयो।

१७. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता एनएमवि बैक लिमिटेड **(**स्थायी लेखा न. ५००१०६४९५**)** को आ.ब. २०७२/७३ को लागि आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्ने गरी ठुला करदाता कार्यालयबाट मिति २०७७।०९।२९ मा भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०३।१७ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।
२. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठुला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल चैत्र ५ गते रोज १ शुभम.............................
फैसला प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप